नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**आज मिति २०७२ बैशाख १९ गते शनिबार नेपाल सरकारका मुख्य सचिव श्री लीलामणि पौड्यालको अध्यक्षतामा बसेको सचिव बैठकले गरेका निर्णयहरु**

१. यही मिति २०७२ बैशाख १२ गते गएको शक्तिशाली भूकम्पबाट पीडितहरुको उद्धार, तथा राहत वितरण गर्न २०७२।०१।१८ गतेको सचिव बैठकको निर्णय बमोजिम भुकम्प प्रभावित संकटग्रस्त घोषित १४ जिल्लाका ५५ निर्वाचन क्षेत्रहरुमा खटाइएका सह-सचिवस्तरका कर्मचारीहरु तोकिएको स्थानमा पुगे/ नपुगेको सुनिश्चितता सम्बन्धित जिल्लाको समन्वय गर्न तोकिएका सबै सचिवहरुले गर्ने र सोको नियमित जानकारी मुख्य सचिवको सचिवालयमा गराउने ।

२. टोलीसँग लगिएका र विभिन्न व्यक्ति एवं संघसंस्थाबाट जिल्लामा प्राप्त सबै राहत सामग्रीहरु सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई जानकारी दिइ एकिकृत अभिलेख राखेर मात्र समन्यायिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउने ।

३. प्रभावित जिल्लाहरुका लागि तोकिएका प्रत्येक सचिवले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालयका सचिवसँग समन्वय गरी प्रत्येक निर्वाचन क्षेत्रमा खटिएका सहसचिवस्तरका कर्मचारीहरुलाई आवश्यक भए निश्चित जिम्मेवारी दिएर थप कर्मचारी परिचालन गर्ने साथै थप राहत सामाग्री आवश्यक परेमा तत्काल उपलब्ध गराउने र हरेक निर्वाचन क्षेत्रमा भएको दैनिक कार्यप्रगतिको जानकारी मुख्य सचिवको सचिवालयमा गराउने ।

४. प्रभावित जिल्लामा उद्धार, राहत वितरण तथा तथ्याङ्क संकलनको लागि प्रमुख जिल्ला अधिकारीले जिल्ला भित्रका सबै सरकारी कार्यालय वा सार्वजनिक निकायका जुनसुकै श्रेणी र तहका कर्मचारी र सरकारी विद्यालयका शिक्षकहरुलाई परिचालन गरी कार्यसम्पादन गर्ने ।

2072/1/19